# पुतलीबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
स्याङ्जा

गण्डकी प्रदेश,नेपाल


प.सं.:२०७६।७७

च.नं.: 3026

मिति: २०७७।०२।२०

श्री वडा कार्यालयहरु(सबै)

पुतलीबजार नगरपालिका, स्याङ्जा ।

**विषयः प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना माग गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०७७।७८ मा तहाँ वडामा **प्रधानमन्त्री रोजगार कार्यक्रम** अन्तर्गत **कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु** तथा सोही कार्यक्रम अन्तर्गत विश्व बैंकको वित्तीय सहयोगमा सञ्चालन हुने **रोजगारीका लागि युवा रुपान्तरण पहल आयोजनाहरु** सञ्चालनमा आउने र यस्ता आयोजनाहरु पुतलीबजार नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रम(बजेट) मा अनिवार्य समावेश हुनुपर्ने प्राबधान रहेकोले तहाँ वडाअन्तर्गत सञ्चालन हुने नगरपालिका बाट प्राप्त बजेट सिमा अन्तर्गत पेश हुने योजना तथा कार्यक्रमका अतिरिक्त थप २ वटा यस्ता श्रममुलक आयोजनाहरु प्रति आयोजना रु ५ लाख देखी रु २५ लाख सम्म लागत हुने गरी वडा समितिबाट निर्णय गराई अनुमानित लागत रकम सहितको प्रस्ताव देहायको फर्म्याटमा पठाउनुहुन अनुरोध छ।

| क्र.सं. | आयोजनाको नाम | आयोजना सञ्चालन हुने स्थान | अनुमानित लागत रकम रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |

साथै आगामी आर्थिक वर्षमा यस कार्यक्रमको दायरा अझै अभिबृद्धि गर्ने योजना रहेको तथा कोभिड-१९ को प्रभावबाट समेत थप बेरोजगारी सिर्जना हुनसक्ने सम्भावना रहेकोले तहाँ वडामा रहेका १८ देखि ५९ वर्ष उमेर समुहका सम्पुर्ण बेरोजगार व्यक्तिहरुलाई कोही नछुट्ने गरी आर्थिक वर्ष २०७७।०७८ को लागि सुचीकृत गराउनको लागि अनुसुची फाराम पुर्ण रुपले भर्न लगाई यथाशिघ्र यस नगरपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रमा पठाईदिनुहुन अनुरोध छ।

(तारा चन्द्र ढकाल)

नि. प्रमुख प्रशासकीय अधिकृत


पुतलीबजार नगरपालिका वडा नं. १,गण्डकी प्रदेश प्रदेश, नेपाल, फोन नं. :०६३-४२०४०८

E-mail:info@putalibazarmun.gov.np, putalibazarmun@gmail.com, Website :www.putalibazarmun.gov.np

यस कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्दा निम्न क्षेत्रहरू बाहेक मात्र गर्नुहुन
अनुरोध छ ।

५. **<u>आयोजना सञ्चालनका क्षेत्र</u>**: यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

(ख) कृषि तथा सिंचाई :-

- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार
- पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा बिक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा बिक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण